## मिति २०७४/११/२९ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

### निर्णय नं १

सर्व सुलभ स्वास्थ्य सेवा पाउने जनताको अधिकारलाई मनन गर्दै यस गाउँपालिकाका स्वास्थ्य संस्था नभएका वडा नं ३ को ढोरचौर र वडा नं ४ को खार्वनमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने निर्णय गरियो। नयाँ स्थापना हुने सामुदायिक स्वास्थ्य इकाईको लागि २ जना अ.हे.व., २ जना अ.न.मि., तथा २ जना कार्यालय सहयोगी सेवा करारमा भर्ना गर्ने निर्णय गरियो। साथै निजहरुको तलब सुविधा अ.हे.व. र अनमी को हकमा मासिक १५०००।-(पन्ध्र हजार मात्र) र कार्यालय सहयोगीको हकमा मासिक १३०००।-(तेह्र हजार मात्र) का दरले तलब सुविधा र अन्य सुविधा प्रचलित कानुन तथा करार सम्झौता बमोजिम हुने निर्णय गरियो।

### निर्णय नं २

सामाजिक परिचालकको करार अवधि थप सम्बन्धी कार्यपालिकाको मिति २०७४।०९।२८ गते निर्णय संसोधन गर्दै हालसम्म अटुट सेवा गर्दै आएका सामाजिक परिचालक श्री लक्ष्मी कुमारी अधिकारी र श्री राजेन्द्र कुमार चलाउनेको सेवा करार अभधि मिति २०७५ असार मसान्त सम्मको लागि सेवा करारको म्याद थप गर्ने र वडा नं ४ र ५ हेर्ने गरि एक जना समाजिक परिचालक सेवा करारमा नियुक्ती गर्ने। निजहरुको मासिक पारिश्रमिक रु १४००० (चौध हजार) र अन्य सुविधा प्रचलिच कानुन बमोजिम तथा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने गरी योजना ब्यबस्थापन (कन्टिन्जेन्सी) खर्चबाट भुक्तानी गर्ने सर्वसम्मतले निर्णय गरियो।

### निर्णय नं ३

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा निरन्तर रुपमा काम गर्दै आएका कार्यालय सहयोगीहरु ओपेन्द्र बुढाथोकी, बल बहादुर चलाउने र तिलाराम खड्का ले मासिक १३०००।-(तेह्र हजार मात्र) र सलेपा देवराज बस्नेतले मासिक १८०००।-(अठार हजार मात्र) का दरले तलब सुविधा र अन्य सुविधा प्रचलित कानुन बमोजिम हुनेगरी २०७४ साल माघ १ गते देखि २०७५ साल असार मसान्त सम्मको लागि सेवा करार म्याद थप गर्ने सर्वसम्मतले निर्णय गरियो।

### निर्णय नं ४

पशु सेवा अन्तर्गत एक गाविस एक प्राविधिक कार्यक्रम अन्तर्गत एक जना ना प स्वा प्रा पदमा यस अधि विज्ञापन भई बैकल्पिक उमेद्ववारमा सिफारिस हुनुभएका श्री सितल बुढाथोकीलाई करार सेवामा २०७५ असार मसान्त सम्मको लागि नियुक्ती गर्ने।

**निर्णय नं ५**

यस कार्यालयबाट सरुवा भई जानुभएका लेखापाल श्री दुर्गाराम अर्याललाई यस कार्यालयमा पुर्‍याउनु भएको योगदानको लागि धन्यबाद ज्ञापन गर्दै निजको कार्यकालमा आ.व. २०७४।७५ को स्वीकृत कार्यक्रम अनुसार भएको ब्ययको स्थिति देखिने मिति २०७४ साल माघ मसान्त सम्मको खर्चको फाँबारी तथा आ व  २०७४।७५ माघ मसान्त सम्मको आय व्ययको विवरण समेटेको आ.ले.प. प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा दैनिक ज्यालादारीमा काम गर्ने गरि नियुक्ती गरेका कार्यालय सहयोगीहरुको स्थानमा एक एक जना र गाउँकार्यपालिकाको कार्यपालिकाको कार्यालयको लागि थप एक जना गरि जम्मा चार जना कार्यालय सहयोगी मासिक तलब रु १३००० (तेह्र हजार) र अन्य सुविधा करार सम्झौता बमोजिम हुने गरि खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा नियुक्ती गर्ने सर्वसम्मतले निर्णय गरियो।

त्यसैगरी स्वास्थ्य चौकी शिद्धेश्वरीको लागि स्वास्थ्य तर्फको ससर्त अनुदान अनर्गत ब शि नं ३७००१४ को अन्य सुल्क शिर्सकबाट मासिक रु १३००० (तेह्र हजार) तलब खाने र अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने गरि खुला प्रतिस्पर्धा मार्फत एकजना कार्यालय सहयोगी  सेवा करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो तथा चुस्तरुपमा संचालन गर्न आ व २०७४।७५ मा सवारी साधान शिर्सकमा बिनियोजन रु १२००००० (बाह्र लाख) बजेटबाट चार वटा मोटर साइकल र एक वटा स्कुटर खरिद गर्ने निर्णय गरियो।

त्यसैगरि मेसिनरी औजार अन्तर्गत बिनियोजित रु २०००००० (बिस लाख) बजेटबाट रु १०००००० (दश लाख) को सबै वडा कार्यालयहरुको लागि सोलार खरिद गर्ने र बाँकी रु १०००००० (दश लाख) को गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको लागि आवश्यक कम्पुटर प्रिन्टर फोटोकपी ल्यापटप लगायत अन्य मेसिनरी औजार खरिद गर्ने निर्णय गरियो।

त्यसैगरि गाउँ कार्यपालिका तथा अन्तर्गतका विषयगत शाखाहरुमा फर्निचर तथा कार्यालय सामानको अभावको कारण सेवा प्रवाहमा कठिनाई आएकोले आवश्यक फर्निचर तथा कार्यालय सामान तुरन्त खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

मिति २०७५ फाल्गुण १९देखि २६ गते सम्म सुर्खेतमा आयोजना भएको प्रथम प्रदेश स्तरीय टि २० क्रिकेट खेलमा सल्यान जिल्लाको सहभागीताको लागि भएको अभ्यास खेलको खर्चको लागि क्रिकेट संघ सल्यानलाई रु १५०००। (पन्ध्र हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय **नं ८**

सिद्ध कुमाख गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षालाई ब्यवस्थित गर्न बनेको विध्येक, २०७४

न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४

**निर्णय नं ९**

गाउँसभाबाट चालुतर्फका विभिन्न शिर्षकमा विनियोजित बजेटको सिमाभित्र अध्यक्षको परामर्शमा कार्यक्रम बनाउने, स्वीकृत गर्ने र सोको कार्यान्यन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।